# हज्जे बदल

[ नेपाली - Nepali - نيبالي ]

अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2014 - 1435

IslamHouse.com

# الإنابة في الحج

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदो अल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दुहु व रसूलुहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घरपरिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले हज्जे बदलको बारेमा केही वर्णन गर्ने प्रयास गरेको छु । र त्यो जायज छ कि छैन यदि जायज छ भने किन यसैलाई प्रष्ट पार्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**
**Mob.00977-9727649238**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

**हज्जे बदलको अर्थ :** कसै आर्काको लागि हज्ज गर्नुलाई हज्जे बदल भनिन्छ । अब चाहे त्यो रुपैयाँ लिएर गरियोस् वा बिन रुपैयाँको, आफ्नो माता पिताको लागि होस् वा आर्काको नातेदारको लागि ।

हज्जे बदल त्यो मान्छे गर्नसक्छ जुन पहिला नै आफ्नो लागि हज्ज गरिसकेको होस् । यदि आफ्नो लागि हज्ज गरेछैन भने त्यो मान्छे कसै आर्काको लागि हज्ज गर्न सक्दैन । जस्तो कि हदीसमा वर्णन छ :

अर्थ : इब्ने अब्बास रजिअल्लाहो अन्हो भन्नु हुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेलाई यो भन्दै सुने कि **लब्बैक अन् शिब्रमा** अर्थात शिब्रमाको लागि हज्ज गर्ने नीयत गर्छु, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेसित सोध्नु भयो कि के तिमीले आफ्नो लागि हज्ज गर्‍यौ ? त त्यस मान्छेले भन्यो होइन मैले आफ्नो लागि हज्ज गरेछैन, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेसित भन्नु भयो : पहिला आफ्नो लागि हज्ज गर, अनि शिब्रमाको लागि । ( अबू दाऊद, इब्ने माजा, दारकुत्नी, इब्ने खुजैमा, इब्ने हिब्बान )

र कसैको लागि हज्ज गर्नुको प्रमाण पनि यो हदीस नै हो जसद्वारा विद्वानहरूले यो सिद्ध गरेका छन् कि कसैको लागि पनि हज्ज गर्नु जायज छ । यदि त्यसले हज्ज गरेछैन वा

त्यसमा हज्ज गर्ने कुनै किसिमको शक्ति एवं क्षमता छैन, जसरी मृतक, वृद्ध, रोगी .... आदिको लागि ।

भाइ हो ! कसैलाई पनि आफ्ना आफन्तीहरूको लागि हज्जे बदल गर्ने अवश्यकता आउन सक्छ। र यसो अवस्था आएमा यदि तपाईको क्षमता छ भने तपाईलाई हज्जे बदल गरिनुपर्छ यसले गर्दा कब कसको लागि हज्जे बदल गर्नुपर्छ यसको ज्ञान हुनु अति आवश्यक छ । यसैले मैले यस निबन्धमा केही महत्वपूर्ण ज्ञानवर्धक कुराहरू प्रस्तुत गरेको छु ध्यान दिएर पढनु होला ।

व्यक्ति आफ्नो बुवा आमा, दिदी वहिनी, बाजे .... आदि सबै आफन्तीहरूको लागि हज्जे बदल गर्नसक्छ , चाहे उनीहरू मथि हज्ज अनिवार्य भएको होस् वा नहोस् । र आफै नगरी कसैलाई रुपैयाँ दिई गराउन पनि सकिन्छ, यसमा कुनै दोष छैन । बरु यो आफ्नो आमा बुवा र आफन्तीहरू माथि ठूलो उपकार हो ।

अल्लाहको फर्मान छ :

अर्थ :र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दैगर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । र विनम्रतापूर्वक प्यारका साथ तिनीहरूको अगाडि सुशील भइराख र तिनीहरूको निम्ति प्रार्थना गर्ने गर: कि हे पालकर्ता जुन प्रकार कि तिनीहरूले मलाई बाल्यावस्थामा (मायाँले) पालन-पोषण गरेका छन्,

तिमीले पनि तिनीहरूमाथि त्यस्तै दया गर । ( सूरतुल् इस्रा २३,२४ )
त आमा बुवाको लागि हज्ज गर्नु र उनीहरूको लागि हज्जमा अथवा त्यस्तै प्रार्थना गर्नु उनीहरू माथि उपकार हो र उनीहरूसंग स्नेह हो । जस्तो कि सउदी अरबीयाको विद्वान मुफ्तीहरूको कमेटीको फतवामा उल्लेख छ : " जुन तिमीहरू आफ्ना बाबु आमाका लागि खर्च गरिरहेका छौ त्यो उनीहरू माथि ठूलो उपकार हो " । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. १२६५ )

तर जब तपाई कसैलाई रुपैयाँ दिई हज्ज गराउन खोज्नु हुन्छ भने जस मान्छेलाई हज्ज गर्ने आग्रह गर्नुहुन्छ त्यसको दीनदारीलाई अवश्य हेर्नुहोला ताकि तपाईले खर्च गरेको रकम खेर नजाओस् । यदि मान्छे सदाचारी छ भने पूर्ण ईमान्दारीसित तपाईको हज्जलाई सम्पन्न गर्छ यदि विश्वासघाती छ भने त्यसलाई मात्र पैसासित सरोकार हुन्छ तपाईको हज्ज राम्ररी गर्दैन । यसले गर्दा यसकुरामा अवश्य ध्यान दिनुहोला । जस्तो कि सउदी अरबीयाको विद्वान मुफ्तीहरूको कमेटीको फतवामा उल्लेख छ : " तिम्रो लागि जायज छ कि तिमी आफै आफ्नो बाबु आमाको लागि हज्ज गर वा कसै अरुलाई हज्ज गर्ने कार्यमा लगाऊ, तर जसलाई तिमी हज्ज गर्नुको लागि लगाउने छौ त्यसको लागि शर्त यो छ कि त्यो मान्छे आफ्नो लागि हज्ज गरेको होस् " । (

अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. १३७५ )

यस्तो मान्छे जससित क्षमता नहोस्, र न भविष्यमा हुने आशा होस्, वा वृद्ध अवस्थामा पुगिसकेको होस्, वा मृत्यु भइसकेको होस् त यस्ता मानछेहरूको लागि हज्जे बदल गर्न सकिन्छ। तर जुन मान्छे जीवित होस् र सम्पन्न पनि होस् वा त्यससित हज्ज गर्ने क्षमता होस् त यस्ता मान्छेहरूको लागि हज्जे बदल गर्नु जायज छैन। बरु त्यसमाथि यो अनिवार्य छ कि आफै आफ्नो हज्ज गरोस्। जस्तो कि विद्वानहरूको फतवा छ : " क्षमतावान मान्छेमाथि यो अनिवार्य छ कि त्यो तुरुन्तै हज्ज गरोस्, र त्यस व्यक्तिको लागि हज्जे बदल गर्नु जायज छैन। यदि कसैले त्यसको लागि हज्जे बदल गऱ्यो भने त्यो मान्य हुँदैन " ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. १२३८७ )

तर यदि कुनै यस्तो व्यक्ति छ कि त्यससित धन सम्पत्ति त छ तर त्यो अपाहिज अथवा कम्जोर वा रोगी छ र त्यसको रोग यस्तो खालको छ जुन जीवनभरी संचो हुनेवाला छैन भने त्यसको लागि हज्जे बदल गर्न सकिन्छ। विद्ववानहरूको फतवा छ कि " रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस कुराको अनुमति दिनुभएको छ कि यस्ता व्यक्तिहरूको लागि हज्जे बदल गरियोस् जुन बेढेसकाल सम्म पुगिसकेका हुन् वा जुन हज्ज गर्ने शक्ति राख्दैनन् "। ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. ४४०३ )

तर जुन मान्छेले जीवनभरी नमाज कायम गरेन, व्रत बसेन, अल्लाह बाहेक कसै अरुलाई गुहाऱ्यो, रुख, चिहान, ..

आदिनिर बलि गर्दै आयो, र त्यसै अवस्थामा तयस व्यक्तिको मृत्यु पनि भयो त यस्तो मान्छेको लागि हज्जे बदल गर्नु जायज छैन । बरु यस्तो मान्छे मुश्रिक (बहुदेववादी)को हुकुममा छ र यस्तो मान्छेको लागि दुआ गर्नु पनि जायज छैन तसर्थ हज्ज गर्नु कसरी जायज हुन्छ । अल्लाहको फर्मान छ :

अर्थ : पैगम्बर र अन्य मुसलमानलाई उचित छैन कि मुश्रिकहरूका लागि क्षमायाचना गरुन्, जबकि यो प्रकट भइसकेको छ कि तिनीहरू नारकीय हुन् चाहे तिनीहरू नजिकका नातेदार नै किन न होऊन् । ( सूरतुत्तौबा ११३ )

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : मैले अल्लाहसित यो अनुमति माँगे कि मलाई यो अनुमति दिइयोस् कि म आफ्नो आमाको लागि याचना गरूँ तर मलाई अनुमति दिइएन । ( मुस्लिम )

हेर्नुस् जब रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई अनुमति दिइएन कि आफ्नो आमा आमिनाको लागि मात्र याचना गरुन् जुन कि अल्लाहका सबैभन्दा प्रिय संदेष्टा हुन् त हामी कसै बहुदेववादी र मुश्रिकको लागि याचना र हज्ज कसरी गर्न सक्छौं आफै विचार गर्नुस् ।

यस्तै एकै यात्रामा दुईजनाको लागि हज्ज र उमरा गर्न सकिदैन बरु एकको लागि हज्ज र आर्काको लागि उमरा गर्न सकिन्छ जसरी मान्छे आमाको लागि हज्ज गरोस् र बुवाको लागि उमरा यसो गर्नु जायज छ किनकि दुवै कार्य भिन्न छन् हज्ज उमराबाट भिन्न पूजा हो जसरी कसैको लागि मात्र उमरा गर्न सकिन्छ त्यस्तै कसैको लागि हज्ज र कसैको लागि उमरा पनि गर्न सकिन्छ अर्थात एउटै हज्ज वा एउटै उमरा

दुईको लागि प्रयाप्त हुँदैन तर बेग्लाबेग्लै गरेमा प्रयप्त हुन्छ। विद्वानहरूको भनाई छ : " यदि कसैले एउटै वर्षमा एकजनाको लागि हज्ज गरोस् र आर्कोको लागि उमरा गरोस् भने पुग्छ "। ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. २६५८ )

र जुन मान्छेसित हज्ज गर्ने क्षमता र शक्ति थियो तर त्यसले हज्ज गरेना कुनै कारण चाहे त्यो ढीलो गर्नाले होस् वा रोजीमा व्यस्तताको करणले, त्यसको मालबाट यति रकम निकालिन्छ जसबाट एक हज्ज र एक उमरा गर्नुलाई पुगोस् र त्यो माल कसैलाई दिएर हज्ज र उमरा गराइयोस् चाहे त्यो उमरा गर्ने मान्छे त्यसको आफन्ती किन नहोस् यदि त्यसले बिना माल हज्ज गर्ने इच्छा जाहेर गर्छ भने अति उत्तम छ जसरी त्यस मृतकको कुनै छोरा होस् वा साख्खै नातेदार किनकि एउटा हदीसमा छ :

अर्थ : जुहैना नामक कबिला (गुट)को एउटी महिला रसूल सल्लल्लाहो अलैहे वसल्लम नजिक आई सोधिन् हे अल्लाहको रसूल मेरो आमाले हज्ज गर्ने भाकल मानेकी थिइन् तर उनको मृत्यु भयो त के म आफ्नो आमाको तर्फबाट हज्ज गरूँ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो हाँ आफ्नो आमाको तर्फबाट हज्ज गरिहाल। ( अहमद, बुखारी, नेसाई, दारमी, इब्ने खुजैमा, इब्ने हिब्बान )

र विद्वानहरूको कमेटीको फतवा छ कि " जसमाथि हज्ज अनिवार्य भयो तर त्यो मान्छेको हज्ज गरेबिना मृत्यु भयो भने त्यसको सम्पत्तिबाट एक हज्ज र उमराको लागि रकम

निकाल्नु जरुरी छ " । ( अल्लजनतुद्दाइमा लिल् बुहूसिल् इल्मीया वल् इफ्ता, फतवा नं. २१९४ )
अन्तमा अल्लाहसित याचना छ कि अल्लाह हामी सबैलाई सत्कर्म गर्ने क्षमता र शक्ति प्रदान गरुन् र हाम्रो बदल हज्जलाई कबूल गरी हामीलाई पनि स्वर्ग प्रदान गरुन् ।

( आमीन )

# समाप्त

*लेखक*
**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email- atiqkhannp1982@yahoo.com